# राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी किरण श्रेष्ठले नेपाल स्वास्थ्य सेवा सहकारी संस्था र किष्ट अस्पताललाई नियम विपरीत ऋण दिएको भन्ने व्यहोराको उजूरीका सम्बन्धमा छानविन प्रतिवेदन

- **उजूरीको संक्षिप्त व्यहोराः**
  - राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी किरण श्रेष्ठले नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि. लाई अनियमित तरिकाले रू. ५ करोड ऋण दिएको ।
  - ऋणी किष्ट हस्पिटलको रू. ८० करोड कर्जा रिन्यू गर्दा त्यसको हिसाव किताव आफ्ना साथी सि.ए. सुवोध कुमार कर्णलाई गर्न लगाई ठूलो रकम कमिशन खाएका छन् ।
  - कार्यकारी निर्देशक किरण श्रेष्ठले आफ्ना पुरना संगठनका साथी शंकर रायमाझीको सल्लाहमा ठूला ठूला परियोजनामा कर्जा दिंदा समेत मोटो कमिशन खाने गरेका छन् ।
- **छानविनबाट पाइएको व्यहोराः**

२(१) **नेपाल स्वास्थ्य संस्था सहकारी लिमिटेडको सम्बन्धमाः**

नेपाल स्वास्थ्य सेवा सहकारी संस्था सम्बन्धमा भएको भनिएकोअनियमितताको सम्बन्धमा राष्ट्रिय वाणिज्य बैकबाट उपलब्ध गराइएका निम्न लिखित कागजातहरूको अध्ययन गरियो ।

| S.No. | |
|---|---|
| 1 | Nepal Rastra Bank Approval for interest capitalization on different dates |
| 2 | Board approval for interest capitalization on different date |
| 3 | Approval for Disbursement dated 2069/06/25 |
| 4 | Inprincipal approval for financing the project dated 2068/9/6 |
| 5 | Rokka Details |
| 6 | Feasibility study report including project cost & financial |

(क) नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागको प.सं. २०७३।७४ मा कर्जाको व्याज पूँजीकरण गर्ने सम्बन्धमा नेपाल इन्भेष्टमेन्ट बैंक लि. दरवारमार्गलाई नेपाल सरकार, स्वास्थ्य मन्त्रालय समन्वय शाखाले नेपाल स्वास्थ्य सेवा सरकारी संस्था लि. लाई उक्त सरकारी संस्था लि.को संचालक समितिको निर्णय सहित पेश भएको

हुनुपर्ने र पूँजीकरण गरिएको व्याज रकम असूल उपर नभएसम्मका लागि त्यस्तो आम्दानीबाट नगद लाभांश वा वोनश शेयर वितरण गर्न नपाइने भनी पत्राचार गरी निर्देशन दिएको देखिन्छ ।

(ख) नेपाल राष्ट्र बैंक, बैक तथा वित्तीय संस्था नियमन विभाग को प.सं. बैं. नि.वि/वि.आर.१/ एनआइवि./०७१/७२ मिति २०७२।३।२५ को पत्रानुसार नेपाल इन्भेष्टमेन्ट बैंक लगायत एनआइडिसी डेभलपमेन्ट बैंक लिमिटेड, सिभिल बैंक लिमिटेड, नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेड, नेपाल बंगलादेश बैंक लिमिटेड, कुमारी बैंक लिमिटेड, एस डेभलपमेन्ट बैंक समेतको सहभागितामा नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि. लाई प्रवाह गरेको सहवित्तीयकरण कर्जाको व्याजलाई पूँजीकरण गरी आम्दानी जनाउने सम्बन्धमा सहवित्तीयकरण समुहको सन् २०१४ डिसेम्वर १४ को निर्णयमा उल्लेख भए बमोजिम मिति २०७२ पौष समान्तसम्म पाकेको व्याज रकमलाई पूँजीकरण गरी आम्दानी जगाउन स्वीकृति प्रदान गरिएको देखिन्छ ।

(ग) नेपाल राष्ट्र बैंकले मिति २०७१।१०।२८ गते सातवटा बैंक तथा वित्तीय संस्थाहरूले नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि. मार्फत मनमोहन मेमोरियल इन्ष्टिच्युट अफ मेडिकल साइन्स स्थापना र संचालन प्रयोजनका निमित्त प्रवाह गरेको आवधिक कर्जामा मिति २०७१ कार्तिकदेखि बढीमा ६ महिनासम्म पाकेको व्याज रकमलाई तोकिएको व्यवस्था अनुसार पूँजीकरण गरी आम्दानी जनाउन स्वीकृति प्रदान गर्न निर्णय भएको देखिन्छ ।

(घ) एनआइडिसी डेभलपमेन्ट बैंक लि. संचालक समितिको १३०७ औं बैठक मिति २०७१।१२।२० को निर्णयानुसार कर्जा सीमा रकम रू. १२,६४,२५,२९४।२९ कायम हुन, २०७१ चैत्र मसान्तसम्मको व्याज रू. २३,४५६।९७ मिन्हा हुन तथा मिति २०७१ चैत्र मसान्तसम्मको कुल व्याज रकम रू. ६४,२५,२९४।२९ पूँजीकरण गर्न स्वीकृति प्रदान गरेको देखिन्छ ।

(ङ) ल्क्ष्म्क, म्भखभयिऊभलत द्यबलप को मिति २०६९।६।२२ को संचालक समितिको १२०४ औं बैठकले नेपाल इन्भेष्टमेन्ट बैंक लि. को अनुवाइमा श्री नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि. लाई मनमोहन मेमोरियल इन्ष्टिच्युट अफ मेडिकल साइन्स विस्तार तथा संचालन गर्नका लागि सहवित्तीयकरण ऋण अन्तर्गत रू. १२,००,००,०००।— (अक्षेरेपी बाह्र करोड रूपैयाँ मात्र ) कर्जा लगानी गर्न भ्यक्ष ९भ्हउचभककष्यल या क्ष्लतभचभकत० पठाउने निर्णय स्वीकृत गरेको देखिन्छ ।

(च) मालपोत कार्यालय कलंकी, काठमाडौंको च.नं. ९२२ मिति २०७२।३।३० मा नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि. को नाममा रहेको का.म.न.पा. वडा नं. १५ मा रहेको कित्ता नं. ७४ नक्सा १०२१०६२१७, क्षेत्रफल १३५४ वर्ग मी. कित्ता नं. १०२ क्षेत्रफल ४२८/८० वर्ग मी. जग्गा र नं. ३९७क मिति २०७२।३।३० को निर्णयानुसार नेपाल इन्भेष्टमेन्ट बैंक लि. समेत र काठमाडौंको नाममा रोक्का भएको देखिन्छ ।

(छ) Charted Accountants D.S. & Associates द्वारा Nepal Health Care Cooperatives Limited ले मनमोहन मेमोरियल इन्स्टिच्युट अफ मेडिकल साइन्सको परियोजना लगानीका लागि Feasibility Study Report तयार गरेको देखिन्छ । सो अनुसार परियोजना संचालन गर्न २ अर्व ४५ करोड ९८ लाख ४३ हजार लागत लाग्ने देखिन्छ । सो मध्ये Loan Flow बाट १ अर्व ३६ करोड ३९ लाख ८७ हजार लगानी गर्नुपर्ने उल्लेख गरेको देखिन्छ ।

(ज) IBB Engineering Consultancy (P) Ltd. (IBBEC) ले मार्च १६, २०१५ मा नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि. लेखनाथ मार्ग ठमेलको सम्पत्तिको मूल्यांकन गरी प्रतिवेदन पेश गरेको देखिन्छ ।

**(झ) नेपाल स्वास्थय सेवा सहकारी संस्थाको कर्जा ओ.एस. विवरण निम्न बमोजिम देखिन्छः**

| साँवा बांकी (रू) | सांवा तिरेको | व्याज बांकी (असोज मसान्त सम्मको) (रू.) | व्याज तिरेको (रू.) |
|---|---|---|---|
| १४,३३,९८,३९१।२६ | छैन | ३२,८८,३५८।९८ | ८,९३,२१,६०३।९७ |

## २(२) किष्ट मेडिकल कलेजको सम्बन्धमाः

किष्ट मेडिकल कलेजको रू ८० करोड कर्जा रिन्यू गर्दा भएको अनियमितताको सम्बन्धमा राष्ट्रिय वाणिज्य बैकबाट उपलब्ध गराइएका निम्न लिखित कागजातहरूको अध्ययन गरियो ।

**S.No.**

1 Loan Outstanding of Kist Medical College in Rastriya Banijya Bank (including initially approved loan of NIDC)

2 Supplementary facility agreement 5-(new member – Lumbini Bikas Bank)

3 Our Proposal 2074/05/29 (Dated 2074/06/23)

4 Board Decision on proposal of 2074/05/29 (dated 2074/06/23)

5 Supplementary facility agreement 4-(based on decision of 2074/06/23)

6 Our Proposal 2073/06/10

7 Board Decision on proposal of 2073/06/20(dated 2073/06/20)

8 Supplementary facility agreement 3-( based on decision of 2073/06/20)

9 Our Proposal 2072/02/22

10 Board Decision on proposal of 2072/02/22 (dated 2072/03/22)

11 Supplementary facility agreement 2- (based on decision of 2072/03/22)

12 Our Proposal 2069/11/14

13 Board Decision on proposal of 2069/12/06(dated 2069/12/06)

14 Supplementary facility agreement 1- (based on decision of 2069/12/06)

15 Initial Facility Agreement

16 Rokka Details

**(क)** किष्ट मेडिकल कलेजलाई ऋण दिने सम्बन्धमा Everest Engineering Consultancy ले कलेजको मूल्यांकन गरी Board of Directors समक्ष पेश गरेको देखिन्छ । सम्पत्तिको कूल मूल्यांकन **१ अर्व ४५ करोड ९९ लाख** गरेको देखिन्छ ।

**(ख) राष्ट्रिय बाणिज्य बैंक संचालक समितिको मिति २०७४।६।४ गतेको बैठकले किष्ट मेडिकल कलेज प्रा.लि. को कर्जा सम्बन्धमा निम्मनानुसार निर्णय गरेको देखिन्छ ।**

- यस कम्पनीले उपभोग गरिरहेको सम्पूर्ण कर्जा तथा सुविधालाई भइरहेको शर्त तथा सुविधाको अधिनमा रही २०७५ भाद्र मसान्तसम्मका लागि नियमानुसार पुनरावलोकन गरी नवीकरण गरी व्यवस्थापनलाई स्वीकृति दिने,
- २०७४।३।७ मा बसेको कन्सोर्टियम बैठकहरूले प्रदान गर्ने कूल रू. १० करोड अल्पकालीन कर्जा मध्ये यस बैंकले वार्षिक १० प्रतिशत व्याजदरमा ६ महिनाका लागि रू. ४ करोड कर्जा बैंक नियमानुसार प्रदान गर्न व्यवस्थापनलाई स्वीकृति दिने,

**(ग) राष्ट्रिय बाणिज्य बैंकको संचालक समितिको २०६७ औं बैठकबाट निम्न निर्णय गरेको देखिन्छः-**

- यस कम्पनीले उपभोग गरिरहेको सम्पूर्ण कर्जा तथा सुविधालाई भइरहेको शर्त तथा सुविधाको अधिनमा रही मिति २०७३ श्रावण देखि २०७४ असार मसान्तसम्म २०७३ सम्मको लागि पुनरावलोकन गरी नवीकरण गर्ने,
- कम्पनीलाई आवश्यक अल्पकालीन कर्जा रू. ५ करोड मध्ये यस बैंकबाट रू. २ करोड प्रदान गर्ने । उक्त कर्जाको भुक्तानी अवधि माघमसान्त २०७३ सम्मको हुने र व्याजदर ८ प्रतिशत हुने र
- सहवित्तीयकरण बैठकको निर्णयहरूको जानकारी लिई पेश हुन आएको Credit Facility Request र CFR मा उल्लेखित अल्पकालीन कर्जा प्रवाहका लागि तयार गरिएको Terms Sheet लाई स्वीकृत गर्ने ।

(घ) **राष्ट्रिय वाणिज्य बैंक संचालक समितिको मिति २०७२।३।२९ को १९६३ औं बैठकबाट किष्ट बैकको ऋण नवीकरण सम्बन्धमा निम्न बमोजिम निर्णय भएको देखिन्छः-**

- हाल भइरहेको सम्पूर्ण कर्जा सुविधालाई मिति २०७३ वैशाख मसान्तसम्मका लागि रिन्यू/रिभ्यू गर्ने ।
- तेस्रो विस्तार योजना अन्तर्गत असपताल भवन निर्माण र अस्पताल उपकरण खरिदका लागि दीर्घकालीन कर्जा (IV) वापत रू. १० करोड प्रदान गर्ने सम्बन्धमा सहवित्तीयकरणका अन्य सदस्य बैंकले गरेको निर्णयको अवस्था र समसामयिक विषय वस्तुहरूको विषय समेत छलफल हुने गरी सहवित्तीयकरणको बैठक बसी पुनः पेश गर्ने ।
- हाल कायम रहेको तथा अब लगानी हुने सम्पूर्ण कर्जा सुविधामा मिति २०७१।९।२४ मा बसेको सहवित्तीयकरणको निर्णय अनुसार 1$^{st}$February 2015 देखि लागू हुनेगरी ९ प्रतिशत खुद व्याजदर कायम गर्ने ।
- सहवित्तीयकरण बैठकको निर्णयहरूको जानकारी लिई पेश हुन आएको Credit Facility Request लाई स्वीकृत गरियो

**(ङ) मेसर्स किष्ट मेडिकल कलेज प्रा.लि. लाई थप दीर्घकालीन कर्जा सुविधा प्रदान गर्ने सम्बन्धमा प्रस्तुत प्रस्ताव बारे मिति २०६९।११।२१ गतेका दिन बसेको राष्ट्रिय बाणिज्य बैंक संचालक समितिको १८०९औं बैठकबाट निम्न निर्णय गरेको देखिन्छ ।**

- हाल भइरहेको कर्जा सुविधा मिति २०७०।११।३० सम्मका लागि पुनरावलोकन/नवीकरण गर्ने ।

- तेस्रो विस्तार योजना अन्तर्गत अस्पताल भवन निर्माण र अस्पताल उपकरण खरिदका लागि दीर्घकालीन कर्जा (II) वापत रू. ९.०५ करोड प्रदान गर्ने । कर्जा भुक्तानी अवधि ९ वर्षको हुने । निर्माण अवधि १ वर्षको हुने ।
- दीर्घकालीन कर्जा (III) को सीमा भित्र रही अस्पताल उपकरण आयतका लागि एल.सी. सीमा रू. २ करोड कायम गर्ने ।
- हाल कायम रहेको र थप प्रवाह हुने सम्पूर्ण कर्जा सुविधामा मिति २०६९।९।२३ को कन्सोर्टियम बैठकको निर्णय अनुसार मिति २०६९।१०।१ देखि लागू हुने गरी व्याजदर १३ प्रतिशत खुद कायम गर्ने ।
- प्रस्तुत CFR र यस फर्मको कर्जा सम्बन्धमा कन्सोर्टियम बैठकले गरेका निर्णयहरूलाई स्वीकृत दिने ।

## ३. निष्कर्ष तथा सुझावहरूः

- राष्ट्रिय वाणिज्य बैंकबाट प्राप्त कागजातहरूको अध्ययन तथा सम्बन्धित कर्मचारीहरूसंगको छलफलबाट प्राप्त निष्कर्षमा प्रक्रियागत ढंगले बैंकले लगानी गरेको देखिन्छ ।
- राष्ट्रिय वाणिज्य बैंकलाई आगामी दिनमा बैंकको ऋण लगानी र नवीकरण सम्बन्धमा कमिशनको चलखेल व्यापक रूपमा हुने सम्बन्धमा सो चलखेल रोक्नका लागि सुझाव दिई फाइल तामेलीमा राख्ने ।

## ४. राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।९।२० को निर्णयः

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी किरण श्रेष्ठले नियम विपरीत ऋण वितरण गरेको भन्ने उजुरीका सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न गठित छानविन टोलीबाट पेश भएको छानविन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा आगामी दिनहरुमा ऋण प्रवाह गर्दा सतर्क (चनाखो) भई नियमानुसार गर्न राष्ट्रिय वाणिज्य बैंक लिमिटेडलाई सुझाव दिई उजुरी तामेलीमा राख्ने निर्णय गरियो ।